मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा शिलवन्दी वोलपत्र आह्वान गरिएको सूचना
### प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२३

१. यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दा प्रकाशित गरिने सूचनाहरु न्युनतम दररेटमा क बर्गको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने कार्य सिलबन्दी बोलपत्रद्धारा गर्नु पर्ने भएकोले मिति २०८१/०६/२३ देखी २०८१/०७/०७ सम्म ( १५ दिन भित्रमा ) कार्यालय समयभित्र बोलपत्र फारम दस्तुर रु. १०००/- अक्षरेपी रु एक हजार मात्र पछि फिर्ता नहुने राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको आन्तरिक राजश्व नं १६८०१००३०१०१०००२ मा जम्मा गरि चालु आ.व. को नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र , आयकर दर्ता तथा मु.अ.कर. दर्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी बोलपत्र खरिद गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।बोलपत्र सूचना फारम मन्थली नगर कार्यपालिकाको कार्यालय मन्थलीमा निवेदन पेश गरि खरिद गर्न सकिनेछ ।

२. आर्थिक बर्ष २०८१/०८२ मा एकद्धार प्रणाली One door system मार्फत काठमाण्डौबाट प्रकाशित हुने गोरखापत्र, नागरिक, राजधानी, अन्नपुर्ण पोष्ट, समाचारपत्र, कारोबार, अभियान, कान्तिपुर र नयाँ पत्रीका लगायतका राष्ट्रिय दैनिक पत्रिकाको भित्री पृष्ठ सादा मा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकासित गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

३. बोलपत्र फाराममा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकासित हुने सूचना प्रती सि.सि. न्यूनतम दररेटमा प्रकासित गर्ने इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीको बोलपत्र स्वीकृत गरिने छ । दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रीकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम भिन्दा भिन्दै उल्लेख गरी शिलवन्दी फाराम दर्ता गर्नुपर्ने छ।

४. सिलबन्दी बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

५. मिति २०८१/०७/०८ गते दिनको १२:०० बजे मित्र आफैले खरिद गरेको बोलपत्र रीतपुर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। साथै बोलपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

९. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ । विस्तृत जानकारीको लागि मन्थली नगरपालिकाको कार्यालय मन्थली, रामेछापको कार्यालय समय भित्र जिन्सी उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत